# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०६, संख्या ३, मकवानपुर, श्रावण १९ गते, २०७९ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम संचालन कार्यविधि, २०७९**

संवत् २०७९ सालको कार्यविधि नं. ८१

# राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

चालु आर्थिक वर्षका निमित्त सेवा र कार्यहरुका लागि खर्च गर्न गाउँ सभाले विनियोजन गरेको बजेट तथा स्वीकृत गरेको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७९।०४।१९ गते बसेको १।०७९।०८० औं बैठकले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँ कार्यपालिका" भन्नाले राक्सिराङ्ग गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ख) "गाउँ सभ" भन्नाले राक्सिराङ्ग गाउँ सभा सम्झनु पर्छ ।

(ग) "तलिम कार्यक्रम" सीप तथा क्षमता विकाससँग सम्वन्धित सवै तालिम कार्यक्रम सम्झनु पर्छ र

सो शब्दले अभिमुखिकरण, गोष्ठी लगायतका कार्यक्रमहरुलाई समेत जनाउनेछ ।

(घ) “शैक्षिक गुणस्तर सुधार” गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको पठन, पाठनमा सुधार गर्ने सवै क्रियाकलापहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

३. **कार्यक्रम कार्यान्वयन कार्यविधि** : आगामी आर्थिक वर्ष २०७९/०८० को लागि गाउँ सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसूचि १ बमोजिम कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

तर, सशर्त बजेट कार्यक्रमको हकमा तत् तत् सरकाद्वरा जारी निर्देशन बमोजिम कार्यान्वयन हुनेछ ।

## परिच्छेद-३

**विविध**

४. **वाधा अड्काउ फुकाउने अधिकार** : यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ ।

# अनुसूची-१
## (दफा ३ सँग सम्वन्धित)

| क्र. सं | कार्यक्रम | उदेश्य | प्रक्रिया |
|---|---|---|---|
| **स्थानीय गौरव तर्फ :** | | | |
| १. | **स्थानीय गौरवका आयोजनाहरु :** | १. चेपाङ्ग जातीको कला, संस्कृतिको संरक्षण, संवर्द्धन, पर्यटन प्रर्बद्धन गर्ने<br>२.सेवा प्रवाहलाई थप सरल, सहज र प्रभावकारी वनाउने ।<br>३. बाह्रै महिना सबै वडा कार्यलयहरुको गाउँपालिका केन्द्र र नजिकको सहर तथा राजमार्ग सग सर्म्पक रहने गरि  दिगो सडक पुर्वाधारको निर्माण गर्ने । | १. भाद्र महिनाबाट तीव्र गतिमा निर्माण कार्यारम्भ गर्ने ।<br>२. प्राविधिक शाखाबाट निर्माण कार्यलाई प्रभावकारी वनाउन १/१ जना प्राविधिक कर्मचारीलाई साइट इन्चार्ज र सह इन्चार्ज तोकी खटाउने ।<br>३. गाउँ कार्यपालिकाको कार्यालय र जनप्रतिनिधिबाट नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।<br>४ ठेक्का लागि सञ्चालनमा रहेका योजनाहरुलाई समयमै कार्य सम्पन्न हुने गरि वातावरण र अरु योजनाहरु यथाशिघ्र शुरु गर्ने व्यवस्था मिलाउने ।<br>५ वडा कार्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा सुदृढ गरि सेवा प्रवाहमा चुस्त दुरुस्तता ल्याउने । |

| क्र. सं | कार्यक्रम | उदेश्य | प्रक्रिया |
|---|---|---|---|
| २. | राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालन कार्यक्रम | सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्दै नागरिकमैत्री सेवा प्रवाह गर्ने । | १. गाउँपालिकाले सामुदायिक स्तरमा सञ्चालनमा रहेका एफ.एम. वा सामुदायिक स्तरमा एफ.एम. सञ्चालन गर्न चाहने संघ, संस्थाहरुसँग प्रस्ताव आब्हान गर्नेछ ।<br>२. प्राप्त प्रस्तावहरुमध्ये आर्थिक तथा प्राविधिक दृष्टिकोणले अब्वल ठहरिएको संघ, संस्थालाई छनौट गरी साझेदारीमा एफ.एम. सञ्चालन गर्न द्विपक्षीय सम्झौता गरी सञ्चालन अनुदान उपलब्ध गराउने छ ।<br>३. सामुदायिक एफ.एम. गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्नुपर्नेछ ।<br>४. सामुदायिक एफ.एम.ले गाउँपालिकाको सूचना, सन्देशहरु प्रशारण गर्नुपर्नेछ ।<br>५. सामुदायिक एफ.एम. सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ । |
| ३. | खरको छाना विस्थापन कार्यक्रम | विपद् जोखिमको दृष्टिले जोखिमयुक्त विपन्न वर्गको खरको छाना विस्थापन गर्ने । | १. गाउँपालिकाले आ.व. २०७९/०८० मा तिनै तहका सरकारहरुको सहकार्यमा प्राथमिकताका आधारमा वडाकार्यालयहरु मार्फत खरको छानो बिस्थापनका लागि आवेदन माग गरी खरको छाना विस्थापन कार्य लाई निरन्तर दिइनेछ ।<br>२. गाउँपालिकाले खरको छाना विस्थापन गर्ने कार्यलाई ढिलोमा बैशाख महिना भित्र सम्पन्न गर्नेछ ।<br>३. प्राविधिक शाखाबाट कामको गुणस्तरको नियमित परीक्षण हुनेछ ।<br>४. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन तथा मूल्यांकन गरिनेछ । |

| क्र.सं | कार्यक्रम | उदेश्य | प्रक्रिया |
|---|---|---|---|
| ४. | **चेपाङ्ग खानेपानी कार्यक्रम** | विपन्न चेपाङ्ग समुदायको वस्तीहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरि दुषित पानी सेवन बाट हुने रोगहरुको न्युनिकरण गरि स्थानीय गृहणी महिलाहरुको जीवनशैलीमा सहजता ल्याउने । | १.गाउँपालिकाले आ.व. २०७९/०८० को प्रदेश विषेश अनुदान तर्फ रहेको यस कार्यक्रम सञ्चालन गर्न आबश्यक पर्ने सामाग्रीहरुको लागत अनुमान बनाइ खरिद ऐन बमोजिम यस गाउँपालिकबाट खरिद कार्य गर्ने र स्थानीयको सहभागितामा योजनाहरु सञ्चालन गरिने छ ।<br>२. गाउँपालिकाले विपन्न चेपाङ्ग समुदायलाई लक्षित गरेर यो कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट जनप्रतिनिधि तथा कर्मचारीहरु मार्फत अनुगमन तथा मूल्यांकन हुनेछ ।<br>४. सम्भव भएसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमसग साझेदारी गरि कार्यक्रम सञ्चालन गर्ने । |
| ५. | **जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम** | सम्भावित जीविकोपार्जन क्षेत्रको पहिचान, प्रर्वद्धनका कार्यक्रम सञ्चालन गर्ने र स्थानीय स्तरमा खाद्यान्न उत्पादन गरि जीविकोपार्जन योग्य तथा खाद्य सुरक्षाको सकारात्मक अवस्था सृजना गरि खाद्य सुरक्षा जोखिम न्युनिकरण गर्ने । | १. गाउँपालिकाले तयार गरेको जीविकोपार्जन तथा खाद्य सुरक्षा रणनीतिक योजना अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>२. गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँपालिकाको कृषि शाखाले वा गैर सरकारी संस्थासँगको साझेदारीमा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।<br>३. गाउँ कार्यपालिकाको कृषि शाखा, सम्बन्धित वडा, जनप्रतिनिधिहरुबाट नियमित रुपमा अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ६. | कृषि तथा पशु सेवा कार्यक्रमहरु | माटो तथा हावापानी सुहाउँदो कृषिबाली तथा पशुपालनको प्रबर्द्धन, उत्पादकत्वमा बृद्धि, उत्पादित सामाग्रीहरुको भण्डारण तथा बजारीकरणको व्यवस्था र कृषि तथा पशुपालन पेशाको आधुनिकरण गर्दै व्यवसायीक र आत्मनिर्भर पेशाको रुपमा विकास गर्ने । | १. आ.व. २०७९/०८० सुरुवात सगै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने<br>२. कार्यक्रम सञ्चालन गाउँपालिका तथा सम्बन्धित वडा कार्यलयहरु र गैर सरकारी संस्थाहरु सगको साझेदारीमा कार्यक्रम गरिनेछ ।<br>३. कार्यक्रमका लागि आवश्यक पर्ने सामाग्रीहरु गाउँपालिकाबाट खरिद ऐन बमोजिम खरिद गरिनेछ ।<br>४. गाउँपालिकाले यो कार्यक्रम सञ्चालनको लागि कृषि शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. योजनाको आवश्यकता अनुरुप प्रविधिक सहयोगमा सम्पन्न गरिने छ ।<br>६. आवश्यकतानुसार वडा तथा गाउँपालिकाको कर्मचारी तथा प्रतिनिधिहरु मार्फत अनुगमन तथ मुल्याङ्कन गर्ने ।<br>७. कृषि तथा पशु क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता, सिप र ज्ञान अभिबृद्धि गर्न वडाहरुको समन्वयन कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>८. विभिन्न कारणले कृषिबाली तथा पशुहरुमा हुने आकस्मिक क्षतिको न्युनिकरणकालागि गाउपालिकाभरि कृषि तजा पशु बिमा कार्यक्रम सञ्चालन गरिने छ ।<br>९. सरोकारवालाहरु सबैको सहभागिता निश्चित मापदण्ड बनाइ उत्कृष्ठ कृषक तथा कृषक समुहहरुको पहिचान गरि पुरस्कृत गरिने छ ।<br>१०. कृषि सामाग्रीहरुको ढुवानी गर्दा दिइने खर्च प्राविधिक मुल्याङ्कअनुसार मात्र हुनेछ ।<br>११. अध्यक्ष लागानि कोषक रकम खर्च तथा अन्य अनुदानका सामाग्री वितरण कार्य मापदण्ड बानाइ गरिने छ ।<br>१२. वडा कार्यालय मार्फत व्यवसायिक कृषकको पहिचान गर्ने ।<br>१३. व्यवसायिक रुपमा कृषि पेशामा संलग्न कृषकलाई ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाले धान, मकै, दलहन, तेलहन, नगदे वालीको वीमा गरिदिने ।<br>१४. वडा कार्यालयबाट व्यवसायिक कृषकको पहिचान मंसिर महिना भित्र गरिसक्ने र गाउँपालिकाले वाली वीमा कार्यक्रम पौष १५ भित्र गरिसक्ने |
| **पशु सेवा विकास तर्फ** | | | |

| | | | |
|---|---|---|---|
| ७. | साझेदारीमा पशु बीमा कार्यक्रम | पशुपंक्षी पालन पेशा प्रतिको अनिश्चितता न्यूनीकरण गर्दै युवा वर्गलाई पशुपंक्षी पालन पेशामा आकर्षित गर्ने । | १. पशु सेवा विकास शाखाले कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकलाई पशुपंक्षी वीमा कार्यक्रमको लागि निवेदन आव्हान गर्नेछ ।<br>२. प्राप्त निवेदनहरु उपर अर्थिक विकास समितिले छानविन गरी कृषि सहकारी संस्था, कृषक समूह तथा अगुवा कृषकको छनोट गर्नेछ र छनोट भएकालाई पशुपंक्षी वीमा कार्यक्रमको अभिमुखिकरण सहित ५० प्रतिशत लागत साझेदारीमा गाउँपालिकाले पशुपंक्षीको वीमा गरिदिने ।<br>३. विपन्न र व्यवसायिक पशुपंक्षी पालक कृषकको पहिचान मंसिर महिना भित्र गरिसक्ने र गाउँपालिकाले पशु वीमा कार्यक्रम पौष १५ भित्र गरिसक्ने ।<br>४. गाउँपालिकाले यो कार्यक्रमको लागि पशुपंक्षी सेवा विकास शाखा प्रमुख वा अन्य कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सन तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ र प्रगति प्रतिवेदन तयार गर्नेछ ।<br>५. आवश्यकतानुसार वडा तथा गाउँपालिकाबाट अनुगमन गरिनेछ । |
| ८. | वित्तीय व्यवस्थापन, लेखा व्यवस्थापन | सहकारी संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने । | १. सहकारी संस्थाका पदाधिकारी तथा सदस्यहरुको लागि वित्तिय व्यवस्थापन, लेखा व्यवस्थापन तथा प्रशासनिक सीप विकासमा आधारित तालिम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>२. विज्ञ मार्फत तालीम कार्यक्रमको ढाँचा तयार गराई वडा कार्यालयको सिफारिसका आधारमा सहकारी संस्थाहरुको छनौट गरी गाउँपालिकाको सामाजिक विकास शाखाले तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ९. | अध्यक्ष रोजगार प्रवर्द्धन कार्यक्रम | युवा वर्गलाई सीपयुक्त जनशक्तिमा रुपान्तरण गरी स्वरोजगार बनाउने । रोजगारीका नयाँ क्षेत्र पहिचान गरि दक्ष जनशक्ति विकास गर्ने | १. सार्वजनिक सूचना आब्हान गरी युवालाई तालिम दिइनेछ ।<br>२. गाउँपालिकाको सामाजिक विकास शाखाले विज्ञहरुद्धारा आफैं वा कुनै संस्था मार्फत मोटरसाइकल मर्मत तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| १०. | व्यवसाय, उद्योग दर्ता शिविर | स्थानीय स्तरमा सञ्चालित उद्यम, व्यवसायलाई सूचिकृत गरी नियमन गर्ने | १. गाउँ कार्यपालिकाले निर्णय गरेको मितिमा सार्वजनिक सूचना आब्हान गरी साविक गाविसको कुनै एक स्थानमा व्यवसाय, उद्योग दर्ता शिविर सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकाको आर्थिक विकास शाखाले व्यवसाय, उद्योग दर्ता शिविर कार्यक्रम सञ्चालन गर्नेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा सामाजिक विकास शाखा प्रमुख वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ११. | **बाल विकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी तलब भत्ता** | बाल विकास सहजकर्ता तथा विद्यलय कर्मचारीलाई उत्प्रेरित गर्दै शैक्षिक गुणस्तर बढाउने । | १. संघीय सरकार र स्थानीय सरकारको साझेदारीमा बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाइ पारिश्रमिक उपलब्ध गराइने छ ।<br>२. आवश्यकतानुसार गाउँपालिका र सम्बन्धित वडा कार्यालयका प्रतिनिधि तथा कर्मचारीहरुबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| १२. | **MBBS अध्ययन, सहयोग अनुदान** | MBBS अध्ययनमा युवा वर्गलाई आकर्षित गर्ने । | १. यस कार्यक्रमको लागि गाउँपालिकाको कार्यालयले सूचना प्रकाशन गरी आवेदन संकलन गर्नेछ ।<br>२. गाउँपालिका भित्रका MBBS अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीलाई गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम हुने गरि MBBS अध्ययन सहयोग कार्यक्रम अन्तर्गत छात्रवृत्ती प्रदान गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १३. | **असहाय विपन्नलाई अध्ययन सहयोग अनुदान** | असहाय तथा विपन्न बालबालिकाहरुलाई विद्यालय शिक्षाबाट बञ्चित हुन नदिने । | १. गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु सग समन्वय गरि गाउँपालिकामा स्थायी बसोबास गरी मान्यता प्राप्त विभिन्न शिक्षण संस्थाहरुमा अध्ययनरत असहाय तथा विपन्न बिद्यार्थीहरुको लागि सूचना प्रकाशन गरी आवेदन संकलन गरिनेछ ।<br>२. प्राप्त आवेदनहरुमध्ये गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम हुने गरि गाउँ शिक्षा समितिको निर्णयानुसार असहाय तथा विपन्न विद्यार्थीहरुलाई विद्यालय अध्ययनको लागी आवश्यक पोशाक तथा स्टेशनरीको लागी प्रति विद्यार्थी रु. १०००० का दरले वितरण गरिनेछ ।<br>४. यस कार्यक्रमको प्रभावकारिताको लागि शिक्षा शाखा प्रमुखलाई फोकल पर्सन तोकिने छ ।<br>५ आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| १४. | **प्राविधिक शिक्षा छात्रवृत्ती** | समुदायका विद्यार्थीहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षण बढाई सीपयुक्त जनशक्ति उत्पादन गर्ने । | १. गाउँपालिका भित्रका प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थिलाई गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम हुने गरि प्राविधिक शिक्षा छात्रवृत्ती प्रदान गरिनेछ ।<br>२. यस कार्यक्रमको लागि गाउँपालिकाको लागि सूचना प्रकाशन गरी आवेदन संकलन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले |

| | | | |
|---|---|---|---|
| १५. | **बुहारी छात्रावृत्ती** | विद्यालय शिक्षा पूरा नगरी वैवाहिक जीवनमा प्रवेश गरेका बुहारीहरुलाई शिक्षाप्रति आकर्षण बढाउने । | १. यस कार्यक्रमको लागि गाउँपालिकाको कार्यालयले सूचना प्रकाशन गरी आवेदन संकलन गर्नेछ ।<br>२ गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम औपचारिक शिक्षा अधुरो भएको २० वर्ष उमेर पुरा भएपछि विवाह गरेका विवाहित बुहारीहरुलाई बुहारी छात्रवृत्ती प्रदान गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| १६. | **दलित उच्च शिक्षा अध्ययन सहयोग अनुदान** | उपेक्षित र उत्पीडित दलित समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षा प्रदान गरि सशक्तिकरण गर्ने । | १. गाउँपालिकाको कार्यालयले दलित समन्वय समितिको समन्वयमा उच्च शिक्षा हाँसिल गर्दै गरेका दलित विद्यार्थीहरुको लागि **दलित उच्च शिक्षा अध्ययन सहयोग अनुदान** को लागि सूचना प्रकाशन गरी आवेदन संकलन गर्नेछ ।<br>२. गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम सहयोग अनुदान उपलब्ध गराइनेछ ।<br>३. गाउँपालिकाको शिक्षा शाखा प्रमुख यस कार्यक्रमको फोकल पर्सन रहनेछ ।<br>४.आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १७. | चेपाङ्ग छात्रा विद्यालय शिक्षा प्रोत्साहन कार्यक्रम | सिमान्तकृत चेपाङ्ग समुदायको छात्रालाई छात्रावृत्ति मार्फत विद्यालय शिक्षाप्रति आकर्षण बढाउँदै बाल विवाह न्यूनीकरण गर्ने । | १. गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ निर्णयबमोजिम छात्रावृत्तिमा दोहोरोपना नपर्ने गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयले अद्यावधिक गरेका विद्यार्थी संख्याका आधारमा सिमान्तकृत चेपाङ्ग समुदायको छात्रालाई छात्रवृत्ती प्रदान गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| १८. | एक विद्यालय एक ल्यापटप विस्तार कार्यक्रम | आधारभूत विद्यालयहरुको शैक्षिक तथा संस्थागत सक्षमता सुदृढीकरण गर्ने । | १. गाउँपालिकाको कार्यालयले यस कार्याक्रमको लागि प्रस्तावना पेस गर्न सामुदायिक विद्यालयहरुको लागि सूचना आह्वान गरिनेछ ।<br>२. प्राप्त प्रस्तावनाहरु मध्ये गाउँ शिक्षा समितिले आवश्यक छलफल गरी पेश भएका प्रस्तावना मध्येबाट उत्कृष्ट ५ विद्यालय छनौट गरी कार्यक्रम कार्यन्वयन गर्न शिक्षा शाखालाई आवश्यक निर्देशन दिनेछ ।<br>३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ । |
| १९. | गाउँपालिका अनुदान शिक्षक पारिश्रमिक | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई उत्प्रेरित गर्दै शैक्षिक गुणस्तर बढाउने । | १. गाउँपालिकाको शिक्षा शाखाले गाउँपालिकाभरिका विद्यालयहरुको विद्यार्थी संख्या समेतलाई मध्यनजर गर्दै दरवन्दी नपुग भएका विद्यालयमा आवश्यक शिक्षक संख्या एकिन गरी गाउँ शिक्षा समितिसमक्ष पेश गर्नेछ ।<br>२. शिक्षा शाखाले पेश गरेको विवरणको आधारमा गाउँपालिकाको गाउँ शिक्षा समितिले शिक्षक नपुग भएका विद्यालयहरुमा पठनपाठनलाई सहज वनाउन आवश्यक संख्यामा निजी श्रोतबाट शिक्षक राख्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | | ३. गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले उल्लेखित शीर्षकमा विनियोजिति बजेट रकमसमेतलाई दृष्टिगत गरी निर्णय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| २०. | **अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन सहयोग अनुदान** | वर्तमान परिस्थितिको माग अनुरुप विश्व स्तरीय भाषिक शिक्षा प्रणालीमा जोड दिने | १. गाउँपालिकाले अंग्रेजी माध्यममा अध्ययन अध्यापन सुरुवात गर्ने सामुदायिक विद्यालयहरुलाई आवश्यक अनुगमन निरीक्षण गरी अनुदान प्रदान गर्ने ।<br>२. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा गाउँपालिकाका शिक्षा अधिकृत वा कुनै कर्मचारीलाई तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| २१. | **शिक्षा सम्वन्धी अन्य नियमित कार्यक्रमहरु** | शिक्षा क्षेत्रको सुदृढिकरण गर्दै गाउँपालिकाका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने । | १. गाउँपालिकाको शिक्षा शाखाले कार्यक्रम कार्यान्वयनको कार्ययोजना र कार्यतालिका गाउँ शिक्षा समितिमा पेश गर्नेछ ।<br>२. गाउँ शिक्षा समितिले आवश्यक छलफल गरी कार्यक्रम कार्यन्वयन गर्न शिक्षा शाखालाई आवश्यक निर्देशन दिन सक्नेछ ।<br>३. गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिको निर्देशानुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर शिक्षा शाखाले आवश्यकता अनुसार अन्य शाखा तथा इकाईहरुसँग समन्वय गरी शिक्षा सम्वन्धी नियमित प्रकृतिका कार्यक्रमहरु कार्यन्वयन गर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | | ४. गाउँपालिका तथा वडा कार्यालयहरुबाट कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ । |
| २२. | राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च | राक्सिराङ्ग अस्पताललाई श्रोत तथा साधन सम्पन्न बनाई आधारभूत स्वास्थ्य सेवा | १.अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार विनियोजित रकमलाई खर्च गरिनेछ ।<br>२. उल्लेखित रकम गाउँपालिकाको खाताबाटै वा अस्पतालको खाताबाट प्रचलित कानुन वमोजिम खर्च गरिनेछ ।<br>३. आवश्यकतानुसार यस कार्यको अनुगमन गाउँपालिकाबाट गरिनेछ । |
| २३. | सुत्केरी आमा पोषिलो खाना कार्यक्रम | मातृ तथा शिशु मृत्युदरमा न्यूनीकरण गर्दै सुत्केरी आमालाई पोषणयुक्त खानामा सहयोग गर्ने । | १. न्यूनतम चार पटक गर्भ परीक्षण गराएका, राक्सिराङ्ग गाउँपालिकाको स्वास्थ्य संस्था वा स्वास्थ्य संस्थाले रेफर गरेको अस्पतालमा प्रसुति गराएका सुत्केरी आमालाई ३५ दिन भित्र वडा कार्यालयमा नवजात शिशुको जन्मदर्ता गराएमा गाउँपालिका उपाध्यक्ष वा वडाध्यक्षको रोहवरमा वडा सचिवले रु ५,०००। (पाँच हजार मात्र) उपलब्ध गराउनेछ ।<br>२. यस कार्यको लागि प्रत्येक वडाका वडा सचिवलाई पेश्की रकम उपलब्ध गराइनेछ र जन्मदर्ता गराउँदाको बखतमा उक्त रकम वितरण गरिनेछ ।<br>३. आवश्यकतानुसार यस कार्यको अनुगमन गाउँपालिकाबाट गरिनेछ । |

| | | | |
|---|---|---|---|
| २४. | **स्वास्थ्य संस्था सञ्चालन खर्च** | स्वास्थ्य संस्थाहरुबाट प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहलाई प्रत्सोहन गर्ने । | १. स्वास्थ्य चौकीहरुलाई मासिक रु.४,०००। र सामुदायिक स्वास्थ्य केन्द्रहरुलाई मासिक रु. २०००। का दरले संस्था सञ्चालन खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ ।<br>३. यसरी उपलब्ध रकमलाई स्वास्थ्य संस्था सञ्चालका शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ ।<br>४.आवश्यकतानुसार उक्त रकमको सहि सदुपयोग भए, नभएको विषयमा आर्थिक प्रशासन शाखाबाट अनुगमन गरिनेछ । |
| २५. | **स्वास्थ्य शिविर सञ्चालन गर्ने** | नागरिकहरुको स्वास्थ्य जीवन यापन गर्न पाउने हकको सुनिश्चितता गर्ने । | १. अपांगता भएका व्यक्तिहरु, वृद्ध, वृद्धा, एकल ताथ विपन्न महिलाका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको स्वास्थ्य परीक्षण गर्न फागुन महिनामा वृहत्त स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।<br>२. आवश्यकतानुसार विषय विज्ञ चिकित्सक मार्फत राक्सिराङ्गवासीको स्वास्थ्य परीक्षण गरिनेछ ।<br>३. स्वास्थ्य शिविर सञ्चालको समन्वय र व्यवस्थापन स्वास्थ्य शाखाले गर्नेछ ।<br>४. आवश्यकता अनुसार गाउँपालिका तथा वडा कार्यालयहरुबाट अनुगमन गरिनेछ । |
| २६. | **आमा वुवा बचाउ कार्यक्रम** | ७० वर्ष उमेर पुगेका वृद्ध,वृद्धा आमा, वुवाका स्वास्थ्य समस्या सम्बोधन गर्दै ज्येष्ठ नागरिकमैत्री समाज निर्माण गर्ने । | १. समाजमा ७० वर्ष उमेर पुरा गरेका आमा, वुवाका स्वास्थ्य समस्या समाधान गर्न एक छुट्टै डेस्कको स्थापना गरिनेछ ।<br>२. यो कार्यक्रम गाउँपालिका र पाटन अस्पताल वीच भएको सम्झौता र सहमति अनुसार सञ्चालन हुनेछ ।<br>३. उक्त डेस्कमा खटिने कर्मचारीले आमा, वुवाका स्वास्थ्य समस्याहरु संकलन गरी टेलिमेडिसिनको माध्यमबाट पाटन अस्पतालका वरिष्ट चिकित्सकसँग परामर्श गरी, गराई समस्या समाधानमा समन्वयात्मक भुमिका खेल्नेछ ।<br>४. स्वास्थ्य शाखाले यस कार्यक्रमको कार्यान्वयनमा आवश्यक समन्वय र सहयोग गर्नेछ ।<br>५. आवश्यकतानुसार गाउँपालिकाबाट अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| २७. | पोषण सम्वन्धी कार्यक्रमहरु | आर्थिक रुपले विपन्न समुदायमा पोषणको सुनिश्चितता गर्ने। | १. आर्थिक रुपले विपन्न समुदायमा पोषणयुक्त खानेकुराको व्यवस्थापन गर्न स्वास्थ्य शाखाले वार्षिक बजेटले व्यवस्था गरेवमोजिम सुनौला हजार दिन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नेछ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ। |
| २८. | एच.आई.भी. संक्रमितलाई पोषण भत्ता | एच.आई.भी. संक्रमितलाई समाजमा मूलप्रवाहीकरण गर्ने। | १. स्वास्थ्य शाखाले एच.आई.भी. संक्रमितको तथ्यांक संकलन गरी सामाजिक विकास समितिमा पेश गर्नेछ।<br>२. सामाजिक विकास समितिले विनियोजित बजेटसमेतलाई ध्यानमा राखेर एच.आई.भी. संक्रमितलाई निश्चित रकम मासिक पोषण भत्ताको रुपमा दिन निर्णय गर्नेछ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर एच.आई.भी. संक्रमितलाइ पोषण सम्वन्धी अन्य कार्यक्रमहरु सञ्चालन गर्नेछ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ। |
| २९. | स्वास्थ्य विमा सहयोग कार्यक्रम | स्वास्थ्य विमा प्रति सचेतना जगाउँदै विपन्न परिवारको स्वास्थ्य विमामा सहयोग गर्ने। | १. अपांगता भएका व्यक्तिहरु, वृद्ध, वृद्धा, एकल ताथ विपन्न महिलाका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको स्वास्थ्य सेवाको सुनिश्चितता गर्न स्वस्थ्य विमा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. स्वास्थ्य विमा कार्यक्रम कुन क्षेत्रमा वा कसलाई, कहाँ, कहिले गर्ने भन्ने विषयमा सामाजिक विकास समतिको सिफारिसमा गाउँ कार्यपालिकाले मंसिर महिना भित्र निर्णय गर्नेछ।<br>३. कार्यपालिकाको निर्णयानुसार स्वास्थ्य शाखाले स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन गर्नेछ। |

| | | | |
|---|---|---|---|
| | | | ४. आवश्यकता अनुसार गाउँपालिका तथा वडा कार्यालयहरुबाट अनुगमन गरिनेछ । |
| ३०. | स्वास्थ्य सेवा सम्वन्धी अन्य नियमित कार्यक्रमहरु | राक्सिराङ्गवासीलाई सर्वसुलभ रुपमा प्रभावकारी स्वस्थ्य सेवा उपलब्ध गराउने । | १. राक्सिराङ्गवासीलाई सर्वसुलभ रुपमा प्रभावकारी स्वस्थ्य सेवा उपलब्ध गराउन गाउँ सभा, गाउँ कार्यपालिकाबाट भएका निर्णय अनुसारका कार्यक्रम लगायतका नियमित प्रकृतिका स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रमहरु स्वास्थ्य शाखाले सञ्चालन गर्नेछ ।<br>२. स्वास्थ्य शाखाले सामाजिक विकास समिति र गाउँ कार्यपालिकाले दिएको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र समन्वयमा रहेर स्वास्थ्य सेवा सम्वन्धी नियमित कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३. आवश्यकतानुसार गाउँपालिकाबाट समय-समयमा अनुगमन गरिनेछ । |
| ३१. | खेलकुद सम्वन्धी अन्य कार्यक्रमहरु | | १. गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाले स्थानीय खेलकुद विकास समितिको समन्वयमा कार्यक्रम सञ्चालन कार्यतालिका बनाउनेछ ।<br>२. कार्यतालिकाअनुसार शिक्षा, यूवा तथा खेलकुद शाखाले कार्यक्रमहरु सञ्चालन गर्नेछ ।<br>३ आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ३२. | **विभिन्न समुह वर्ग लक्षित कार्यक्रम** | राज्यले सामाजिक न्याय,सकारात्मक विभेद,समाजिक संरक्षण तथा सामानताको उद्देश्य हासिल गर्ने । | १. सम्बन्धित लक्षित समुदायको नेतृत्व, जनप्रतिनिधि र विषय विज्ञहरुसग आवश्यक परामर्श गरी सम्बन्धित लक्षित समुहको आवश्यकता र मागको पहिचान गर्ने ।<br>२. कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार गाउँपालिका,वडा, लक्षित समुदाय र सरोकारावालाहरुको जानाकारीका लागि सूचना सम्प्रेषण गर्ने ।<br>३. कार्यक्रमको प्रकृतिको आधारमा आवश्यकता अनुसार लक्षित समुदाय र सरोकारवालाहरुको माग र निवेदनहरु संकलन गर्ने ।<br>४. प्राप्त माग र निवेदनहरुको मापदण्ड वा कार्यविधि अनुसार प्राथमिकिकरण एवं छनोट गर्ने ।<br>५. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक विकास शाखाको सम्बन्धित विषय हेर्ने कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>६. आवश्यकतानुसार गाउँपालिका तथा वडा कार्यालयबाट कार्यक्रमको अनुगमन गरिनेछ ।<br>७. कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिका तथा वडा कार्यलयका जनप्रनिधि तथा कर्मचारीहरु सग समन्वय र सहकार्य गर्ने ।<br>८. सम्बन्धित क्षेत्रमा कार्यरत सामाजिक संघ संस्था र गैर सरकारी संस्थाहरुसग समन्वय र सहकार्य गर्ने ।<br>९. योजना/कार्यक्रमको प्रकृति हेरी लागत अनुमान, अनुगमन, मुल्याङ्क र प्रतिवेदन तयार गर्ने ।<br>१०. गाउँपालिका तथा वडा कार्यालयहरुबाट समय समय अनुगमन गर्ने । |

| | | | |
|---|---|---|---|
| ३३. | स्थानीय विपद् व्यवस्थापन कोष | आकस्मिक रुपमा आइपर्ने विपद्, जोखिम, महामारीको अवस्थाबाट तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने । | १. स्थानीय स्तरमा आइपर्ने प्राकृतिक विपद्, जोखिम, महामारी, भोकमारी जस्ता संकटको अवस्थाबाट स्थानीयवासीलाई सुरक्षित राख्न गाउँ सभाले स्वीकृत गरेको रकम यस कोषमा राखिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ, संस्था वा व्यक्तिले सहयोग स्वरुप दिएको नगद पनि यसै कोषमा राखिनेछ ।<br>३. यो कोषबाट प्राकृतिक विपद्, संकट, महामारीको अवस्थामा रकम खर्च गरिनेछ ।<br>४. यो कोष सञ्चालन सम्वन्धी अन्य कुराहरु स्वीकृत कार्यविधि वमोजिम हुनेछ । |
| ३४. | सामुदायिक वन उपभोक्ता समुहहरुलाई सशक्तिकरण तालिम | सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास गर्ने । | १. स्थानीय स्तरमा कार्यरत सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास गर्न, व्यवस्थापन पक्षमा सुधार गर्न सशक्तिकरणका तलीम कार्यक्रम सञ्चालन गर्ने ।<br>२. विषय विज्ञबाट सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमको ढाँचा तयार गाराई तालीम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| ३५. | फोहोरमैला व्यवस्थापन कार्यक्रम | बजार क्षेत्रको फोहोर व्यवस्थापन गरी सफा र स्वच्छ बजारको विकास गर्ने । | १.गाउँपालिकाले फोहोर व्यवस्थापनको लागि आवश्यक फोहोर व्यवस्थापन सामाग्री खरिद गर्ने, चेतनामुलक सन्देश प्रचार गर्ने र आवश्यक नीति नियम निर्माण गरि स्थानीय प्रहरी कार्यालय सँग समन्वय गरेर कार्यान्वयन गर्नेछ ।<br>२. स्थानीय जनप्रतिनिधिहरुको नेतृत्वमा सरसफाई अभियान सञ्चालन गर्नेछ ।<br>३. यस कार्यक्रमको आवश्यक समन्वय र सहजिकरणको लागि गाउँपालिकाले एक जना फोकल पर्सनको व्यवस्था गर्नेछ । |

| | | | |
|---|---|---|---|
| ३६. | पूँजिगत परामर्श सम्बन्धी कार्यहरु | ठूला प्रकृतिका विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउने । | १. सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिमको प्रकृया पुरा गरी परामर्शदाता संस्थाबाट परामर्शका कार्यहरु गराइनेछ ।<br>२. योजना शाखा र प्राविधिक शाखाले आवश्यक सहजीकरणको काम गर्नेछन् ।<br>३. यस कार्यक्रमको आवश्यक समन्वय र सहजिकरणको लागि गाउँपालिकाले एक जना फोकल पर्सनको व्यवस्था गर्न सक्नेछ । |
| ३७. | सूचना संप्रेशण | गाउँपालिकाबाट जनचेतनामूलक सूचनाहरु जनस्तरसम्म पुर्‍याउने । | १. गाउँपालिकाबाट जनचेतनामूलक सन्देश तथा सूचनाहरु स्थानीय पत्रपत्रिका, रेडियो मार्फत संप्रेशण गर्ने, गराउने ।<br>२. गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराइने यस्ता सन्देश तथा सूचना एकद्धार प्रणालीबाट उपलब्ध गराइनेछ ।<br>३. सूचना तथा सन्देश संप्रेशण गर्ने कार्यको लागि गाउँपालिकाको कुनै कर्मचारीलाई फोकल पर्सन तोकिने छ ।<br>४. फोकल पर्सनले आवश्यकतानुसार चेतनामूलक सन्देश तथा सूचना संप्रेशण गराउने छ । |
| ३८. | रेडियो कार्यक्रम | सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्ने । | १. गाउँपालिकाले सूचनाको हक र पारदर्शितालाई प्रवर्द्धन गर्न समृद्ध राक्सिरङ्ग रेडियो कार्यक्रम, जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम सञ्चालन गर्नेछ ।<br>२. सूचना प्रविधि शाखाले यस्ता कार्यक्रमहरु सञ्चालन गर्न प्रतिस्पर्धाको आधारमा स्थानीय रेडियोहरुलाई दिनेछ ।<br>३. गाउँपालिकाबाट आवश्यकतानुसार अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ३९. | **वडा तथा पालिकास्तरीय सार्वजनिक सुनुवाई** | जवाफदेहिता प्रवर्द्धन गर्ने । | १. जवाफदेहिता सम्बन्धी अनुभव भएको तेस्रो पक्ष वा संस्थाबाट प्रस्ताव माग गरि प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्न गाउँपालिकाले सम्झौता गर्नेछ ।<br>२. सरोकारवालाहरुको उपस्थितिमा वर्षको तीन पटक गाउँपालिका र प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।<br>३. सार्वजनिक सुनुवाईको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| ४०. | **सम्मान तथा पुरस्कार कार्यक्रम** | स्वस्थ प्रतिस्पर्धाको माध्यम बाट उत्कृष्ट कार्यसम्पादनको | १. शिक्षा, स्वास्थ्य, वन, वातावरण संरक्षण, वडा तथा गाउँपालिकाको कार्यालयका कर्मचारी लगायत सवै क्षेत्रमा काम गर्ने संघ, संस्था, विद्यालयहरुको कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्यसम्पादन भएकाहरुलाई पुरस्कृत तथा सम्मान गर्ने ।<br>२. गाउँपालिकाको प्रशासन शाखाले तथ्यांक संकलन गरी मूल्यांकन समिति समक्ष पेश गर्नेछ ।<br>३. मूल्यांकन समितिले सवै क्षेत्रमा अब्बल ठहरिएका जनप्रतिनिधि, संघ, संस्था, शिक्षण संस्था, कर्मचारी छनौट गरी गाउँ सभाको हिउँदे अधिवेशनको समयमा सम्मान गर्नेछ । |
| ४१. | **न्यायिक समिति तथा मेलमिलापकर्ताको तालिम** | न्यायिक समितिका सदस्य र मेलमिलापकर्ताहरुको क्षमता विकास गर्ने । | १. न्यायिक समितिका सदस्य तथा मेलमिलापकर्ताको क्षमता विकासका लागि आवश्यकताको पहिचान गरिनेछ ।<br>२. विषय विज्ञबाट आवश्यक देखिएका कार्यकक्रमहरुको ढाँचा तयार गाराई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ४२. | **कर्मचारीहरुको क्षमता विकास** | कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह गर्ने । | १. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकताको पहिचान गरिनेछ ।<br>२. विषय विज्ञबाट आवश्यक देखिएका कार्यकक्रमहरुको ढाँचा तयार गाराई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्नको लागि जनशक्ति विकास शाखाको कर्मचारीलाई सम्पर्क व्यक्ति/फोकल पर्सनको रुपमा तोक्नेछ र फोकल पर्सनले कार्यक्रम कार्यान्वयन र गुणस्तरीयताको लागि समन्वय गर्नेछ ।<br>४. आवश्यकतानुसार गाउँपालिकाबाट कार्यक्रमको अनुगमन गरिनेछ । |
| ४३. | **सार्वजनिक खरिद सम्वन्धी कार्यहर** | स्थानीय जनतालाई आवश्यक वस्तु तथा सेवा सहज र सरल ढंगले उपलब्ध गराउने । | १. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका शाखा, वडा कार्यलायहरु लगायत इकाइहरुको लागि आवश्यक वस्तु तथा सेवा गाउँपालिकाको जिन्सी शाखाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि खरिद गर्नेछ ।<br>२. जिन्सी शाखाले सम्वन्धित शाखा, वडा कार्यालय वा इकाईले माग गरेको खण्डमा त्यस्ता वस्तु तथा सेवा सम्वन्धित शाखा, वडा वा इकाईलाई उपलब्ध गराउँनेछ ।<br>३. खानेपानी निर्माणको कार्य गर्दा पाइप खरिदको कार्य जिन्सी शाखाले गर्नेछ ।<br>४. सार्वजनिक खरिद कार्यको अनुगमन गाउँपालिकाबाट आवश्यकतानुसार हुनेछ । |

| | | | |
|---|---|---|---|
| ४४ | पूर्वाधार तर्फका सडक, भवन, लघु जलविद्युत, खानेपानी, विद्यालय भवन, पहिरो नियन्त्रण, सिंचाई लगायतका आयोजनाहरुको निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु | गाउँपालिकामा पूर्वाधार विकास कार्यलाई व्यवस्थित ढंगले तिव्रता दिने । | **१. उपभोक्ता समिति गठन :**<br>(क) रु. ८ लाखसम्म लागत अनुमान भएका आयोजना कार्यान्वयनको लागि वडा अध्यक्ष वा सदस्यको रहोबरमा र रु. ८ लाख भन्दा बढीको लागत अनुमान भएका आयोजना कार्यक्रम पुर्वाधार विकास समितिको संयोजकको रहोवरमा उपभोक्ताहरुको भेलाले उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।<br>(ख) खण्ड (क) बमोजिम उपभोक्ता समिति गठन प्रयोजनको लागि लाभग्राहीहरुको भेला गराउँदा उपभोक्ता घरधुरी पहिचान गरि भेलामा कम्तिमा ७५ प्रतिशत उपस्थित हुनुपर्नेछ र सम्भव भएसम्म सर्वसम्मत नभए बहुमतीय प्रकृयाबाट निर्णयमा पुग्न सकिनेछ ।<br>(ग) उपभोक्ता समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष सहित बढीमा ९ जना सदस्यहरुको गठन गर्नुपर्नेछ र पदाधिकारीमध्ये कम्तिमा एक जना महिलाको प्रतिनिधित्व हुनेगरी समितिमा दलित, आदिवासी जनजाति, अल्पसंख्यक वर्ग, आर्थिक रुपले विपन्न व्यक्तिहरुको प्रतिनिधित्व सम्भव भएसम्म सुनिश्चित गरिनुपर्नेछ ।<br>(घ) यदि उपभोक्ता समिति पहिला नै गठन भइसक भेलाको फोटो समेत पेश गर्नु पर्नेछ ।<br>(च) वडामा सञ्चालन हुने योजना तथा कार्यक्रमको वडा प्रतिनिधिको अध्यक्षता समिति गठन गर्दा सबै योजनाको माइन्युट किताब एउटै कायम गर्ने र वडामा राख्ने व्यवस्था गर्ने सम्झौता गर्दा वडा सचिव बाट प्रमाणित माइन्युट फोटोकपी ल्याउने । |

| | | | |
|---|---|---|---|
| | | | २. गाउँपालिकाले वडामा खटाएका प्राविधिक वा गाउँपालिकाका प्राविधिक मार्फत विस्तृत अध्ययन तथा लागत अनुमान तयार गर्नेछ। उक्त लागत अनुमानको आधारमा उपभोक्ता समितिसँग सम्झौता गरेर कार्यान्वयन गर्नेछ।<br>३. उपभोक्ता समितिको नाममा बैंक खाता सञ्चालन गर्नुपर्नेछ। सवै आर्थिक कारोबार बैंक मार्फत सञ्चालन हुनेछ।<br>४. निर्माण आयोजना तर्फ ५ प्रतिशत कन्टिन्जेन्सी (३ प्रतिशत मर्मत सम्भार कोषमा जम्मा गर्ने उक्त रकम कार्यविधि अनुसार खर्च गर्ने र २ प्रतिशत अन्य विविध खर्च) काटिनेछ।<br>५. उपभोक्ता समितिले अनिवार्य कम्तिमा १० प्रतिशत श्रम सहभागिता गर्नुपर्नेछ।<br>६. उपभोक्ता समितिले पुष मसान्त सम्ममा सम्झौता गरिसक्नुपर्नेछ।<br>८. उपभोक्ता समितिद्धारा सञ्चालित सवै आयोजना तथा कार्यक्रम चैत्र मसान्तसम्ममा फरफारक गरिसक्नुपर्नेछ।<br>९. सडक मर्मत तथा स्तरोन्नतीको आयोजना सञ्चालन गर्दा आवश्यकता हेरी न्यूनतम ६० प्रतिशत संरचनाको कार्य अनिवार्य गर्नुपर्नेछ।<br>तर, नयाँ ट्र्याक खन्ने र सडक सरसफाईमा भने उपवुँदा नं. ९ आकर्षित हुनेछैन।<br>१०. अन्य प्रावधानको हकमा उपभोक्ता समिति गठन, सञ्चालन,व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको आयोजना संचालन विधि अनुरुप हुनेछ। |

| | | | |
|---|---|---|---|
| | | | ११. बजेट रकम रु. ५० लाख रुपैयाँ वा सो भन्दा बढी भएका पूर्वाधार निर्माणका आयोजना तथा कार्यक्रमहरु ठेक्का प्रक्रियाबाट अघि बढाइनेछ ।<br>१२. २० लाख रुपैया भन्दा वढीको पूर्वाधार निर्माणमा आयोजना तथा कार्यक्रम संचालन गर्दा उपभोक्ता समिति अनिवार्य रुपमा गाउँपालिकाको कार्यालयमा तोकिएको प्रकृया अनुसार दर्ता गर्नुपर्नेको भए बुँदा ख र ग अनुसार पूर्नगठन तथा भेला बाट अनुमोदन गराउनुपर्नेछ ।<br>(ङ) उपभोक्ता समितिको गठन मंसिर मसान्त सम्ममा गरिसक्नुपर्नेछ । र, गाउँपालिकामा सम्झौता गर्न आउँदा उपभोक्ता समिति गठन गर्ने सन्दर्भमा भएको |

**योजनाको भुक्तानी तालिका**

- योजना भुक्तानीका लागि हप्ताको आइतबार,सोमबार र मंगलबार फाइल संकलन गरी अध्ययन गर्ने ।
- बुधाबार, बिहिबार र शुक्रबार योजनाको अनुगमन गर्ने र दोस्रो आइतबार फरकफारक समितिको बैठक बस्ने र सो को निर्णयानुसार सोमबार भुक्तानीको लागि पेश गर्ने ।

**आज्ञाले**
**देब चन्द्र गतौंला**
**प्रमुख प्रशासकीय अधिकृत**